# हरिनगर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हरिनगरा, सुनसरी

प्रदेश नं. १, नेपाल

## आन्तरिक आय संकलन ठेक्का सम्बन्धि शिलबन्दी प्रस्ताव आव्हानको सूचना

## प्रथम पटक प्रकाशित मिति २०७९/०३/०७

हरिनगर गाउँपालिकाको आन्तरिक आय बन्दोवस्त गर्न गाउँपालिकावाट स्विकृत दर रेटमा आ.व. २०७९/०८० वर्ष १ (एक) को लागि तपशिल बमोजिम ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीवाट देहायका शर्तहरुको अधिनमा रहि रीतपुर्वकको शिलबन्दी प्रस्ताव दाखिला गर्न यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु :

१. यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिन सम्म (मिति २०७९/०३/२१ गते) कार्यालय समय भित्र तपशिलमा उल्लेख भए बमोजिम प्रस्ताव फाराम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजस्व इकाईबाट प्रस्ताव फाराम खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको प्रस्तावमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरि सम्बन्धित आधिकारिक व्यक्तिले प्रत्येक पानामा सही छाप गरेर शिलबन्दी गरि खाम वाहिर ठेक्काको नाम, ठेक्का नं., प्रेषकको नाम र ठेगाना प्रष्टसंग लेखि २०७९ आषाढ २२ गते दिनको १२:०० वजे भित्र हरिनगर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता गराइ सक्नु पर्नेछ । यसरी दर्ता भएका प्रस्तावहरु सोहि दिन दिनको ०१:०० वजे उपस्थित प्रस्तावदाता वा निजको प्रतिनिधि र सरकारी कार्यालयको प्रतिनिधिको उपस्थितिमा गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ । प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

३. एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको प्रस्ताव फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन । प्रस्ताव फारम साथ व्यक्तिले ना.प्र.प.को प्रतिलिपि तथा PAN दर्ता प्रमाण पत्र, फर्म वा कम्पनीले फर्म इजाजत पत्रको प्रतिलिपि, आन्तरिक राजश्व कार्यालयबाट पान/भ्याटमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी आ.व. २०७७/०७८ को आयकर चुक्ता प्रमाण पत्र समेत बोलपत्र फाराम खरिद समयमै पेश गर्नु पर्ने छ ।

४. प्रस्ताव फाराम खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलीपल्ट अर्थात कार्यालय खुलेको दिन सोहि समयमा प्रस्ताव फारम बिक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

५. प्रस्ताव साथ आफुले कवोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको हरिनगरा स्थित कृषि विकास बैंकको हि.नं.०६०२४०१३१११७१०४१ खातामा जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयका नाममा मान्यता प्राप्त बाणिज्य बैंकवाट जारि गरिएको १२ महिना म्याद भएको जमानीपत्रको सक्कल प्रति संलग्न राख्नु पर्नेछ ।

६. प्रस्ताव फाराम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्ट हुने गरि उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. प्रस्ताव स्विकृत भएको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कबोल अंकको रकम अनिवार्यरुपमा एकमुष्ट बुझाई सम्झौता गरिसक्नु पर्नेछ कबोल रकम एकमुष्ठ बुझाउँदा सो रकममा १० (दश) प्रतिशत छुट दिइनेछ र उक्त अवधि भित्र सम्झौता गर्न नआएमा नियमानुसार कारवाही अगाडि बढाईनेछ ।

८. ठेक्का अवधि २०७९ साल श्रावण १ गते देखि २०८० साल आषाढ मसान्त सम्म रहनेछ ।

९. प्रस्ताव पेश गर्दा प्रस्तावदाताको तर्फवाट कुनै किशिमको शर्त मान्य हुने छैन । शर्त सहितको प्रस्ताव, रीत नपुगी वा म्याद नाघी आएको प्रस्ताव उपर कुनै कार्यवाही हुने छैन ।

१०. असुली गर्नु पर्ने करको दररेट विवरण तथा ठेक्कापट्टा सम्बन्धी थप शर्तहरु प्रस्ताव फारम साथ उपलब्ध गराईने छ ।

११. प्रत्येक ठेक्काको छुट्टाछुट्टै प्रस्ताव फारम खरिद गरि छुट्टाछुट्टै पेश गर्नु पर्नेछ ।

१२. यो ठेक्का बढाबढको आधारमा हुनेछ ।

१३. यो सुचना बमोजिम पर्न आएका कुनै वा सबै प्रस्ताव कुनै कारण जनाई वा नजनाई स्विकृत वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा हुनेछ ।

१४. कर असुली गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयबाट प्रमाणित गराई कर असुली गर्नुपर्ने छ र कर असुली सम्बन्धी सूचना पाटी ठेकेदार आफैले राख्नु पर्नेछ ।

१५. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखी कर संकलन गर्न पाईने छैन । राखेको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

१६. धरौटी वापत जम्मा गरिएको रकम ठेक्का रकममा समायोजन हुने छैन ।

१७. नेपाल सरकार वा अन्य निकायलाई कानून बमोजिम तिर्नु पर्ने आयकर, मूल्य अभिवृद्धि कर, दस्तुर वा रकम ठेकेदार आफैले बुझाउनु पर्नेछ ।

१८. कुनै ठेक्काको कर उठाउन नेपाल सरकार, प्रदेश सरकारबाट रोक लगाएमा सोही बमोजिम हुने छ ।

१९. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन र नियम बमोजिम हुनेछ ।

२०. प्रस्ताव सम्बन्धि केहि कुरा वुझ्नु परेमा कार्यालय समय भित्र गाउँ कार्यपालिका कार्यालयको राजश्व इकाईमा सम्पर्क राखी बुझ्न सकिने छ ।

तपशिल

| सि. नं. | ठेक्का नं. | ठेक्काको नाम | न्युनतम ठेक अंक(मु.अ.कर वाहेक) | प्रस्ताव फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | हरिनगर/राजस्व/०१/०७८/०७९ | घुस्की वजारको हाट कर | ३०,०००।०० (तिस हजार मात्र) | १,०००।०० | |
| २ | हरिनगर/राजस्व/०२/०७८/०७९ | रामनगर भुटाहा वजारको हाट कर | ७५,०००।०० (पचहत्तर हजार मात्र) | १,०००।०० | |
| ३ | हरिनगर/राजस्व/०३/०७८/०७९ | हरिनगरा वजारको हाट कर | १,००,०००।०० (एक लाख मात्र) | १,०००।०० | |
| ४ | हरिनगर/राजस्व/०४/०७८/०७९ | घुम्ती व्यवसाय कर | ७,५०,०००।०० (सात लाख पचास हजार मात्र) | १,०००।०० | |